

## ॐ खप्तड स्वामीज्यूका "अमृत" वचन

वर्तमान युवावर्गहरूमध्ये अधिकांश युवक-युवतीहरूका आचरण एवं कर्महरू देखेर दुःखी भएका कयौं सज्जनहरू आफ्ना शिक्षित सन्तानहरूको जीवन आलस्यपूर्ण, खर्चिलो, अकर्मण्य तथा धर्मशून्य देखेर मर्माहित भई अनेक प्रश्नहरू गर्दछन् । आजभन्दा करीब १८ वर्षअघि हरिद्वारको कुम्भमेलामा मेरा एक निकटतम भक्त-परिवारका सदस्यहरूले आफ्ना उच्च शिक्षारत पुत्र-पुत्रीको सम्वन्धमा बडो दुःखी मनले कैयौं कुराहरू भनेका थिए । त्यसै समयदेखि मेरो मनमा प्रस्तुत सङ्कलनात्मक ग्रन्थ लेख्ने इच्छा वारम्वार जाग्रत् हुन लाग्यो । मैले उक्त भक्त-परिवारका सन्तानहरूसंग प्रेमपूर्वक प्रश्न गर्दा उनीहरूले आत्मग्लानीको अनुभव गर्दै मसंग भने- "महाराज ! तपाई नै भन्नुहोस्, हामी के गरौं ? आफ्ना माता पिताप्रति हाम्रो यथेष्ट श्रद्धा एवं भक्ति हुँदा हुँदै पनि उहाँहरू हामीसंग असन्तुष्ट भै हुनुहुन्छ । हामीले आफ्नो अध्ययनको शुवातदेखि नै यसै शिक्षाको अध्ययन गऱ्यो । हाम्रो मन एवं वुद्धिको स्वरूप त्यसै शिक्षाअनुरूप बन्यो । धार्मिक शिक्षाको विषयमा हामीलाई आफ्ना शिक्षालयहरूमा न केही पढाइयो, न त हामीले नै केही पढ्न सक्यौं । हाम्रा माता-पिता हामीबाट हामीले नपढेको नसिकेको ज्ञानका अपेक्षा गर्दछन्, जसले गर्दा हामी भित्र भित्रै बडो असमञ्जसमा पर्दछौं । हामीले अध्ययन गरेको विषयमा कसैले हामीसंग कुनै पनि प्रश्न गर्दछ भने हामी चित्तबुझ्दो गरी त्यस प्रश्नको उत्तर दिन सक्षम छौं, यस कुरामा हामीलाई पूर्ण आत्मविश्वास छ । वास्तवमा हामी धर्मको विषयमा जन्न चाहन्छौं र हामीले केहि प्रयत्न पनि गऱ्यो तर धर्मका सबै मौलिक ग्रन्थहरू संस्कृतमा छन् जुन हामीलाई पढाइएन । तपाई हाम्रा पूज्य माता-पिताको लागि परम श्रद्धेय भएको नाताले हाम्रो लागि पनि श्रद्धेय हुनुहुन्छ । अब तपाई नै हामीलाई उचित उपदेश दिनुहोस्-हामी के गरौं ! जीवनमा आज पहिलोपल्ट हामीले आफ्नो हृदय तपाईको सम्मुख उदाङ्ग पारेका छौं ।" अस्तु, त्यसै समयदेखि मेरो मनमा एउटा यस्तो सङ्कलनको लागि प्रेरणा उत्पन्न भयो, जसले संस्कृतका अनभिज्ञ तर धर्मप्रति श्रद्धा एवं जिज्ञासा राख्ने युववर्गलाई केही प्रकाश मिल्न सकोस् ।